राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

निर्वाचन आयोगको ५ वर्षे रणनीतिक योजनामा अपाङ्गता भएका व्यक्तिहरूको परिप्रेक्षबाट सम्बोधन गर्नुपर्ने सवालहरू ।

पृष्टभूमिः

हाल निर्वाचन आयोग आफ्नो ५ वर्षे रणनीतिक योजना तयार गर्न लागेको अवस्था छ । जसका आधारमा निर्वाचन आयोगले निर्वाचन सम्बन्धी आफ्नो लक्ष्य तथा उद्देश्य प्राप्त गर्नेछ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि २००६ को धारा २९ अनुसार अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकारको संरक्षणका लागी निर्वाचन आयोग नेपालको पनि सकृय भूमिका हुने हुँदा आयोगले निर्माण गर्ने नीति कानुन तथा कार्यक्रम अपाङ्गतामैत्री हुन आवश्यक छ । निर्वाचन आयोगको यसै कार्यलाई सहयोग गर्न राष्ट्रिय अपाङ्ग महासंघ नेपालले निर्वाचन आयोगको उक्त रणनीतिक योजनामा अपाङ्गताको दृष्टिकोणबाट समावेश गर्नुपर्ने सुझाव पेश गरेको हो ।

उद्देश्यः

यस दस्तावेजको प्रमुख उद्देश्य निर्वाचन आयोगलाई आफ्नो ५ वर्षे रणनीतिक योजनामा अपाङ्गताका सवालहरू समावेश गरी अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचन प्रकृयामा सहभागीता वृद्धि गर्नु हो ।

विधिः

निर्वाचन आयोगको विगतको रणनीति योजना, कार्य योजना लगायत अपाङ्गता अधिकारका प्रावधानहरूको अध्ययन पश्चात् यो दस्तावेज तयार गरिएको हो । साथै निर्वाचन आयोगले सम्पन्न गरेको सरोकारवालाहरूसंगको छलफलमा उठेका कुराहरूलाई समेत यो दस्तावेज निर्माणमा उपयोग गरिएको छ । यस बाहेक तयार भएको मस्यौदालाई विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको संस्थाका प्रतिनिधिहरू माझ छलफल गरिएको थियो । उक्त छलफलबाट आएको निचोड तथा सुझावहरू पनि समावेश गरी यो दस्तावेजलाई अन्तिम रूप दिइएको हो ।

निर्वाचन आयोगको ५ वर्षे रणनीतिक योजनामा सम्बोधन गरीनु पर्ने अपाङ्गता सम्बन्धि सवालहरूः

१. संस्थागत विकासः

१.१ आयोगको संस्थागत सबलीकरण

- अपाङ्गता भएका व्यक्तिहरूलाई जिल्ला / स्थानीय निर्वाचन समन्वय समितिमा अनिवार्य सहभागी गराउने र निर्वाचनका समयमा उनीहरूको लागि क्षमता विकास गर्ने ।

१.२ रणनीतिक योजना तर्जुमा र कार्यान्वयन

- निर्वाचन आयोगको रणनीतिगत योजना निर्माणको क्रममा अपाङ्गता भएका व्यक्तिका समुदायसँग परामर्श गरी आएका सुझावहरूलाई रणनीतिक योजना तथा यसको कार्य योजनामा समेत प्राथमिकताका साथ राख्ने ।

१.३ निर्वाचन सम्बन्धी कानुनी संरचना

- अपाङ्गता भएका व्यक्तिहरू माथि अपमान जनिने शब्दावली तथा अवस्थाहरू हटाउँदै र अपाङ्गताको सवाललाई सम्बोधन गर्दै, निर्वाचनसँग सम्बन्धित देशका सबै कानुनहरूको एकै दस्तावेजमा पुनरवलोकन गर्ने
- कुनै पनि प्रकारको अपाङ्गता भएका मतदाताहरूलाई आफ्नो मतदान गर्ने तथा उमेदवार हुन पाउने अधिकारबाट वञ्चित गर्ने किसिमको व्यवस्था को खारेज गर्ने *(मानसिक तथा मनोसामाजि क अपाङ्गता भएका नागरिकहरूलाई मतदाता नामावली दर्ता प्रकृया, मतदान तथा उमेदवार बन्न पाउनबाट वञ्चित गर्ने तथा "मगज बिग्रेको" भनि पहिचान गर्ने अभ्यास तथा काननी व्यवस्था रहेको)*

१.४ विद्युतीय प्रणालीमा आधारित कार्य सञ्चालन

- मतदान गर्न योग्य उमेर समूहका अपाङ्गता भएका मतदाताहरूको खण्डिकृत डाटावेस अपडेट गर्ने
- साङ्केतिक भाषामा मत परिणाम प्रसारण गर्ने

१.५ निर्वाचन व्यवस्थापनका लागि अध्ययन अनुसन्धान

- निर्वाचन कानुन र प्रणालीको पुनरावलोकन वा पुनसंरचना गर्दा अपाङ्गताको दृष्टिकोणबाट भए गरेको असल अभ्यासको पहिचान गर्ने र सुझावहरू सहित अध्ययन गर्ने

२. संगठन र क्षमता विकास

२.१ भौतिक पूर्वाधार विकास

- निर्वाचन आयोगलाई पहुँचयुक्त नमुना कार्यालयको रूपमा विकास गर्ने
- देशभरका सबै मतदान केन्द्रमा रयाम्पको निर्माण गर्ने र सबै अपाङ्गता भएका मतदाताहरूको लागि मैत्रीपूर्ण बनाउने ।
- मतदान गर्ने गोप्य मतदानकेन्द्रमा होचा पुड्का, व्हीलचीयर प्रयोग कर्ता, दुवै हात नभएर गोडाको सहायता बाट मतदान गर्नु पर्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक अवस्था र उचाइलाई ध्यान दिइ छाप लगाउने टेबुल बनाउने वा राख्ने ।
- जिल्ला तथा स्थानीय स्तरका निर्वाचन कार्यालयहरूमा सहजै सबै नागरिक जान सक्ने गरि अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गर्ने (रयाम्प निर्माण, तल्लो तल्लामा प्रमुख कार्याल य कार्य सम्पादन आदि) । साथै, नयाँ निर्माण गरिने सबै निर्वाचन कार्यालयका भवनहरूमा नेपाल सरकारले तोकेको अपाङ्गतामैत्री भवनको मापदण्ड अनुसार निर्माण गर्ने ।
- प्रत्येक मतदान केन्द्रमा २ वा २ भन्दा बढी ह्वीलचियरको व्यवस्था गर्ने ।
- निर्वाचन परिधि भित्र अस्थाइ वा स्थाई सम्पर्क डेक्स निर्माण गर्ने ।

२.२ जनशक्ति विकास तथा उत्प्रेरणा

- निर्वाचन आयोग तथा निर्वाचन कार्यालयहरूमा अपाङ्गता भएका निजामती कर्मचारीहरू पनि नियुक्त गर्ने ।
- निर्वाचन आयोगले निर्वाचन प्रकृयालाई सम्पन्न गर्न बाहिरबाट नियुक्त गर्ने अस्थाइ, ज्यालादारी र करारमा नियुक्ति गर्ने कर्मचारीहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि प्रथमिकताका साथ नियुक्ति गर्ने ।
- मतदान अधिकृतको कार्य निर्देशिकामा विभिन्न प्रकारका अपाङ्गता भएका मतदाताहरूसंग गर्नुपर्ने व्यवहारको तरिका बारे निर्देशनहरू समावेश गर्ने । साथै, बुझाइमा अझ सहजता लिएर आउन निर्देशिका प्रकाशन तथा वितरण गर्ने ।

- अपाङ्गता भएका व्यक्ति प्रति जिम्मेवार र अझ बढि प्रभावकारी बनाउन राजनैतिक दल, उमेदवार, निवार्चन पर्यवेक्षक, मतदान कर्मचारी, सुरक्षा निकाय लगायत अन्यका आचार संहितामा अपाङ्गता सम्बन्धी प्रावधानहरू समावेश गर्ने
- अपाङ्गता भएका पर्यवेक्षकहरूको आवागमन बारे सम्बन्धित मतदान कर्मचारीलाई जानकारी तथा निर्देशन गर्ने
- अपाङ्गता भएका पर्यवेक्षकहरूको आवागमन सहयोगी सहित हुने बारे सम्बन्धित मतदान कर्मचारीलाई जानकारी तथा निर्देशन गर्ने ।

३. दर्ता तथा निर्वाचन प्रविधि

३.१ मतदाता दर्ता तथा पहिचान

- अपाङ्गता भएका व्यक्तिहरूको मतदाता नामावलीमा नाम दर्ता गर्न विशेष दर्ता कार्यक्रम सञ्चालन गर्ने ; निरन्तर मतदाता नामावली अपडेट गर्ने (नयाँ दर्ता, तथा संशोधन)
- खण्डिकृत रूपमा कुल अपाङ्गता भएका मतदाताहरूको पहिचान तथा रेकड गर्न मतदाता नामावली फाराम, मतदाता नामावली, परिचय पत्रमा अपाङ्गताको प्रकार तथा जरुरत पर्ने सहयोगको प्रकार खुलाउन ठाउँको व्यवस्था गर्ने ।

३.२ राजनीतिक दल दर्ता

- निर्वाचन आयोगमा दर्ता भएका या कुनै पनि नयाँ दल दर्ता गर्दा वा दलहरू सम्बन्धी व्यवस्थाको बारेमा अध्यादेश संशोधन गर्दा सो दलमा अपाङ्गता भएका व्यक्तिको अनिवार्य प्रतिनिधित्वको सुनिश्चितता गर्ने ।
- प्रत्येक दलले निवार्चनका समयमा उम्मेदवारीको बन्द सूची पेश गर्दा अपाङ्गता व्यक्तिहरुलाई जनसंख्याका आधारमा दलहरूबाट अनिवार्य उनीहरूको समावेश सुनिश्चितता गराउन निर्वाचन आयोगले सकृय रूपमा भूमिका खेल्ने ।

३.३ निर्वाचन प्रविधि तथा निर्वाचन

- विद्युतिय मतदान मेसिनको उपयोगिता जाँच्न अपाङ्गता भएका व्यक्तिहरूसँग नमुना मतदान सञ्चालन गर्ने र त्यसका आधारमा कार्यान्वयन योजना निर्माण गर्ने ।
- निर्वाचन आयोगको वेबसाइट अपाङ्गता मैत्री बनाउने र निर्वाचनका महत्वपूर्ण पक्षहरू सम्बन्धी मतदाता सूचना तथा सामाग्रीहरू वेबसाइटमा पहुँचयुक्त ढाँचामा प्रकाशित गर्ने

- जिल्ला बाहिर रहेका (मतदान स्थलभन्दा टाढा रहेका मतदान स्थल पुग्न समस्या हुने हुँदा अपाङ्गता भएका मतदाताको लागि घुम्ति मतदान केन्द्रको व्यवस्था गर्ने
- अग्रिम मतदान, इमेल, एसएम्एस (SMS) मार्फत मतदान आदी जस्ता मतदानका विकल्पका लागी आवश्यक कानुन तथा कार्यक्रम निर्माण गर्ने ।

४. निर्वाचन शिक्षा तथा आयोगको पहुँच विस्तार

४.१ मतदाता सूचना तथा शिक्षा

- निर्वाचन आयोग द्वारा प्रकाशसित, प्रसारित र निर्मित चेतनामूलक प्रचार प्रसार सबै सामाग्री र मतदाता शिक्षा सामाग्री अपाङ्गता मैत्री बनाउने । (बढी चित्रात्मक तथा अपाङ्गता भएका व्यक्ति समेत समावेश भएका सामाग्रीहरूको प्रयोग)
- मतदाता शिक्षा कार्यकर्ता, निर्वाचन अधिकृत, सुरक्षा, राजनैतिक दलका प्रतिनिधिहरूलाई अपाङ्गता भएका मतदाताहरूलाई कसरी शिक्षा दिने तथा सहकार्य गर्ने भनि अभिमुखीकरण गर्ने (तालिममा अपाङ्गता सम्बन्धी सत्र समावेश गर्ने)
- अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी नमुना मतदान कार्यक्रम सञ्चालन गर्ने
- निर्वाचन आयोगले संचालन गर्ने मतदाता शिक्षा कार्यक्रम र प्रशिक्षणमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि श्रोत व्यक्तिको रूपमा प्रयोग गर्ने ।
- मतदाता शिक्षा प्रदान गर्दा लाभान्वित समुहको अभिलेखमा रेकडमा अपाङ्गताको प्रकार छुट्टाउने

४.२ लैङ्गिक तथा समावेसिकरण

- निर्वाचन आयोगले निर्वाचन प्रकृयालाई लैंगिक मैत्री बनाउने नीति अनुरूप गरिने सबै प्रक्रियामा अपाङ्गता भएका महिलालाई समावेश गर्ने ।

४.३ सरोकारवालाहरू सँगको सम्बन्ध, सम्पर्क

- मतदाता शिक्षा कार्यक्रम तथा समन्वय समितिहरू गठनमा नागरिक समाजसँग सहकार्य गर्दा केन्द्रमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र जिल्लामा राष्ट्रिय अपाङ्ग महासंघसँग आबद्ध अपाङ्गता भएका व्यक्तिहरूले खोलेका संस्थाहरूसँग सहकार्य गर्नुपर्ने ।
- निर्वाचन पर्यवेक्षकहरूको प्रश्नावलीमा अपाङ्गता सम्बन्धी प्रश्नहरूको राखिने सुनिश्चितता गर्ने

५. निर्वाचन सामाग्री तथा निर्वाचन सञ्चालन

- मतदाता शिक्षा सामाग्री, मतपत्र आदिमा ब्रेलको प्रयोग गर्ने

- सहजताका साथ मतदान दिनका लागि अपाङ्गता भएका व्यक्तिको हकमा यातायात प्रयोग गर्न पाउने अनुमति प्रदान गर्ने
- अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्त मतदान स्थलको लागि रुजू सुची तथा म्यान्युल तयार गर्ने
- राष्ट्रिय अपाङ्ग महासंघ नेपाललाई निर्वाचन पर्यवेक्षणको लागी अनुमति दिने ।
- मतदान गर्ने दिनमा अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्न आवश्यक पर्ने सहयोगी तथा मतदान स्थल सम्म लाने ल्याउने व्यवस्था गर्ने।
- मत पेटीका र मत पत्र सबै अपाङ्गता भएका व्यक्तिहरूले बुझ्न र प्रयोग गर्न सक्ने बनाउने ।
- आफै मतदान गर्न कठिनाइ भएका अपाङ्गता भएका व्यक्तिका लागि उसले इच्छाएको व्यक्ति, अभिभावक, संरक्षकले मतदान गर्न पाइने व्यवस्था हुनुपर्ने । इच्छाएको व्यक्तिले सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरूले इच्छाए अनुसार मतदान गरे नगरेको मतदान केन्द्र अध्यक्षले अनुगमन गर्ने ।
- मतदान केन्द्रलाई शान्ति र भयरहित बनाइ अपाङ्गता भएका व्यक्तिहरूले बिना दबाबमा आफ्नो मत दिन पाउने अधिकारको सुनिश्चितता गराउने ।
- चुनाव र मतदानको समयमा हुने मुठभेडको सम्भावनालाई दृष्टिगत गरि अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षालाई पहिलो प्राथमिकता दिने ।
- निर्वाचन आयोगले हालसम्म अपाङ्गताको क्षेत्रमा गरेका प्रयासहरूलाई निरन्तरता दिने ।

... समाप्त ...